का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ मंसिर २०८०,
मंगलबार
12 December 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३०७ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कांग्रेसमा आ–आफ्नै दाउ






गगन थापा, विश्वप्रकाश शर्मा र प्रदीप पौडेलबीच सहकार्यको प्रयास भइरहेको छ । शेखर कोइरालको आफ्नै दाउ छ । शशांक कोइराला सभापति देउवालाई रिझाउने प्रयासमा छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ मंसिर ।

नेपाली कांग्रेस महासमिति बैठकको तयारीमा छ । आगामी पुस १६ देखि १९ ललितपुरको गोदावरीमा तय भएको महासमिति बैठक सार्ने तयारी भइरहेपनि लामो समय नसर्ने निष्कर्षसहित कांग्रेसभित्रको गुट भेला डाक्न थालिएका छन् । गुटभित्रका उपगुटहरु सोमबार देखि नै सक्रिय भएका छन् ।

मंगलबार कांग्रेसका संस्थापन इतर शेखर कोइराला गुटले बैठक राखेको थियो । दिनभर बसेको गगन थापा उपगुटको भेला र शेखर कोइरालाले बोलाएको बैठकमा जाने/नजाने निष्कर्षमा पुग्न सकेन ।

गगन थापाको उप गुटको भेला सकिए लगत्तै अर्जुननरसिंह केसीले नेता शेखर र महामन्त्री गगनलाई डाकेर छलफल गरे । उक्त छलफलमा कोइराला र थापाबीच आन्तरिक द्वन्द्व मत्थर गराउने प्रयास भएको छ ।

छलफलपछि शेखर आफूले मंगलबारलाई डाकेको भेला बुधबारलाई सार्न सहमत भएका छन् । शेखरले आफूसँग सल्लाह नगरी बैठक राखेकामा असन्तुष्ट महामन्त्री थापा पनि एक दिन पछिका लागि बैठक सारेपछि उक्त बैठकमा भने जान सहमत भएका छन् ।

नेता केसीले इतर संस्थापन पक्षका नेताबीच मेलमिलाप प्रयास गर्दै आएका छन् । पछिल्लो समय एक अर्काको खुलेरै विरोध गर्दै आएका शेखर र गगनबीच संवाद समेत हुन सकेको थिएन । सोमबारको संवादसँगै उनीहरु सामुहिक रुपमा अगाडि बढ्न तयार भएका छन् ।

शेखर र गगन समूहले सामुहिक रुपमा पार्टीमा आवाज उठान लागेको महासमिति बैठकमा हो । महासकिति बैठकको तयारीकै लागि गुट भेलाहरु बस्न थालेका हुन् ।

>>> पृष्ठ २ मा

# मृत घोषित प्रताप जब चलमलाए ...

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २५ मंसिर



मृत्यु भइसकेको मानिस फेरि जिवित हुन सम्भव हुन्छ ? प्रष्ट बुझाइ हो, संभव हुँदैन । तर, कहिलेकाँही स्वास्थ्य विज्ञानले समेत असम्भव ठहऱ्याएका कुरा सम्भव जस्तो भइदिन्छन् ।

यस्तै घटना भयो, सुनसरीको इनरुवामा । सुनसरीको इनरुवा-३ का प्रताप सदा मुसहरलाई अस्पतालले मृत घोषणा गरेको थियो । परिवार र छिमेकीले अन्तिम दाहसंस्कारको तयारी गर्दै थिए । त्यतिकैमा उनी चलमलाउन थाले । घाट लैजाने तयारी गरिएका प्रतापलाई परिवार र छिमेकीले घरमा लिएर गयो ।

सिकिस्त विरामी भएपछि प्रतापलाई उपचारका लागि जिल्ला सरकारी अस्पताल इनरुवमा लगिएको थियो । जिल्ला अस्पतालले उनलाई कोषी अञ्च अस्पतालमा रिफर गरिदियो । केही समयको उपचारपछि कोषी अञ्चल अस्पताले पनि उनलाई त्यहाँ उपचार गर्न सम्भव नभएको भन्दै बिराटनगरस्थित मेट्रो न्युरो अस्पताल रिफर गरिदियो । त्यसपछि उनलाई शनिबार उक्त अस्पतामा उपचारका लागि लगियो।

> मृत्यु भएको भनेर मलामी लैजाने तयारी भइरहँदा इनरुवा-३, सुनसरीका प्रताप सदा मुसहर चलमलाउन थालेका थिए ।

स्थानीयका अनुसार मेट्रो न्युरो अस्पतालले प्रतापको शनिबार राति नै मृत्यु भएको घोषणा गऱ्यो । उनलाई अस्पतालले शव गृहमा लिएर राख्यो । शव लिन ५० हजार रुपैयाँ चाहिने अस्पतालले बतायो । तर, यत्रो

>>> पृष्ठ २ मा

# रुसी सेनामा २०० नेपाली !

नेपालीहरु अध्ययन, रोजगार र भिजिट भिसामा गएर सेनामा भर्ना भएका छन् । मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार रुसी सेनामा २ सयदेखि ५ सयको संख्यामा नेपालीहरु हुन सक्छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ मंसिर ।

रुसी सेनामा दुई सय नेपाली रहेको बताइएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रुसी सेनामा भर्ती हुने नेपालीहरुको संख्या दुई सय रहेको औपचारिक जानकारी नै प्राप्त भएको हो ।

यसअघि सरकारले रुसलाई पत्र पठाएर रुसी सेनामा नेपालीलाई भर्ना नदिन र लिएकाहरुलाई फिर्ता पठाउन भनेको थियो । उक्त पत्रको सम्बन्धमा समेत जानकारी गराउँदै प्रधानमन्त्री प्रचण्डले रुसी सेनामा दुई सय नेपाली रहेको बताएका हुन् ।

सोमबार पार्टी केन्द्रीय कार्यालय पेरिस डाँडामा भएको एउटा बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले भिजिट भिसा, अध्ययन भिसामा रुसमा पुगेका २ सय नेपालीहरु रुसी सेनामा भर्ती भएको जानकारी पाएको र अहिले उनीहरुको अध्ययन र खोजी कार्य भइरहेको बताएका हुन् ।

प्रधानमन्त्री प्रचण्डले रुसी सेना बनेका नेपालीहरु कोही युक्रेनको कब्जामा रहेको र केही नेपालीहरु युक्रेनी सेनामा रहेको पनि औपचारिक जानकारी आएको पनि बताएका छन् ।

सरकारी तथ्याङ्क अनुसार रुस-युक्रेन युद्ध सुरु भएपछि रुस जाने नेपालीहरूको संख्या बढेको छ । जबकी

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विपिनको रिहाइका लागि परराष्ट्रमन्त्रीद्वारा कतारी प्रधानमन्त्रीसँग आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ मंसिर

परराष्ट्रमन्त्री नारायण प्रसाद साउदले हमासद्वारा बन्दी बनाइएका नेपाली विद्यार्थी विपिन जोशीको शीघ्र रिहाइका लागि पहल गरिदिन कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल-थानीसँग आग्रह गरेका छन् । सोमबार कतारको राजधानी दोहामा भएको शिष्टाचार भेटवार्ताका क्रममा मन्त्री साउदले जोशीको शीघ्र रिहाइका लागि पहल गरिदिन आग्रह गरेको मन्त्री साउदको सचिवालयले जनाएको छ ।

परराष्ट्रमन्त्री साउदले हमाससँग कतारको सम्पर्क, मध्यपूर्वको समस्यामा कतारले निर्वाह गरिरहेको सक्रिय मध्यस्थकर्ताको भूमिका एवम् कतार र नेपालबीचको जनस्तरलगायतको गहिरो र मित्रवत् सम्बन्धका आधारमा यस मानवीय मामिलामा कतार अधिराज्यसँग नेपाल सरकारले उच्च आशा गरेको बताए ।

जवाफमा कतारका प्रधानमन्त्री अल थानीले विपिन जोशीलगायत विदेशी बन्दीहरुको रिहाइका लागि

>>> पृष्ठ २ मा

## दुबई पठाइदिने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस-**
वैदेशिक रोजगारका लागि दुबई पठाइदिन्छु भन्दै रकम ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । धनकुटाको चौबिसे गाउँपालिका वडा नं. १ घर भइ हाल काठमाडौं बाफल बस्ने लक्ष्मण श्रेष्ठलाई सो आरोपमा पक्राउ गरिएको प्रहरीले बताएको छ ।

श्रेष्ठले विवेक पाठकलाई ५० हजार रुपैयाँ मासिक तलब हुने भन्दै

>>> पृष्ठ २ मा





VACANCY ANNOUNCEMENT

Blue Sky International Pvt.Ltd. a Fair and Ethical Responsible Recruitment Organization is inviting you to be part of our team. Join us and be a part of the winning team. We do transparent screening of each application. Submit your latest CV if you are with the following criteria.

1. CIVIL FOREMAN

Key Areas of Requirements for applying:
- Setting HR plans, policies and execute the policies under the minimum supervision.
- Should have at least bachelors' degree.
- Should have HR related knowledge and 3-4 years experience in related filed.

2. SECRETARY
- Answering phone calls and redirect them when necessary
- Preparing and disseminating correspondence, memos and forms
- Having 2-3 years prior experience in related filed.

3. RECEPTIONIST
- Answering screening and forwarding incoming phone calls
- Receiving visitors at the front desk by greeting, welcoming, directing and announcing them appropriately

Attractive Salary To the Deserving Candidates

Interested candidates can drop their CV : operations@blueskyint.com.np

BLUE SKY INTERNATIONAL PVT. LTD.
Maharajgunj,Chakrapath, Kathmandu, Nepal
(ब्राजिलियन राजदूताबासको पछाडी)
01-4721888,01-4721633
Licence No: 266-058-059

Dubai को Semi Government — यूएईमा रोजगार

कम्पनी: AL TANMYAH SERVICES L.L.C — शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०८/२४ — चलानी नं.: ६०२११२६३ — LT. No.: 296232

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 150 | 0 | | 1300 | ४७,११२ | | | | | | | |

अन्तर्वार्ता झापा टेक्निकल सेन्टर विर्तामोड झापामा २०८० पौष ३ गते (19 December 2023), सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर ईटहरी सुनसरीमा २०८० पौष ४ गते (20 December 2023), PIT ट्रेनिङ सेन्टर जनकपुरमा २०८० पौष ५ र ६ गते (21 & 22 December 2023), तिलोत्तमा ट्रेनिङ सेन्टर वुटवल रूपन्देहीमा २०८० पौष ८ गते (24 December 2023), जनप्रिय ट्रेनिङ सेन्टर पोखरा कास्कीमा २०८० पौष १० गते (26 December 2023), पिस टेक्निकल ट्रेनिङ सेन्टर ललितपुरमा २०८० पौष ११ गते (27 December 2023), नाईल ट्रेनिङ सेन्टर काडमाडौंमा २०८० पौष ११ गते (27 December 2023) मा हुनेछ ।

यसै कम्पनिमा Tile Mason, Brick Mason, Plaster Mason, Shurting Carpenter, Steel Fixer, Scaffolder, Chargehand र Helper को धेरै संख्यामा कामदारको आवश्यकता परेकोले गर्दा ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Code Recruitment Services Pvt. Ltd.
Pipalbot Marg, Old Baneshwor Height, Kathmandu, Phone No: 01-5912843, 5912844
E-mail : coderecruitmentnp@gmail.com
Govt. Lic. No.: 1596/079/080

Kathmandu: 9802346214 | 9815900470 | 9816090359 | 9818329506 | 9851244586 | 9841534874 | 9808177945 | 9851082081 | 9846483625 | 9804132975 |9851047870, Birtamode: 9802028989 | 9851014572 | 9842775539, Itahari: 9852048830 | 9818182379 | 9819358312 |9851016758, Pokhara: 9805842530 | 9819100814 | 9827118278 | 061-591418 | Butwal : 9851070419 | 9801070419 | 9828922999 | 9802678901, Janakpur : 9801126842

मध्यान्ह
www.madhyanhadaily.com
२६ मंसिर २०८०, मंगलबार
12 December 2023, Tuesday

# दुष्प्रचार गरेर जनतालाई भ्रममा पार्ने षड्यन्त्र भइरहेको छ : प्रधानमन्त्री

**काठमाडौं /मस-**प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विभिन्न ढंगबाट दुष्प्रचार गरेर जनतालाई भ्रममा पार्ने षड्यन्त्र भइरहेको बताएका छन् ।

प्रेस सेन्टर नेपालका पदाधिकारीको तेस्रो पूर्ण बैठकलाई सोमबार सम्बोधन गर्दै उनले झुटो प्रचार रोक्ने र जनतालाई सही सूचना दिने सञ्चार क्षेत्रको महत्वपूर्ण जिम्मेवारी भएको बताए ।




पछिल्लो समय संघीय लोकतान्त्रिक गणतन्त्र नरुचाउने तत्वले सरकार र त्यसको नेतृत्वविरुद्ध अनर्गल, कपोलकल्पित र झुटो प्रचार गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भ्रामक सूचनाकाविरुद्ध सही र सत्य जानकारी दिएर प्रतिवाद गर्न आग्रह गरे । प्रधानमन्त्रीका रुपमा आफूले राष्ट्र, जनता, संविधान र लोकतन्त्रका पक्षमा दृढतापूर्वक काम गरिरहेको उल्लेख गर्दै उनले सरकारले थालेका जनपक्षीय कामबाट आत्तिएका शक्तिले अनावश्यक भ्रम फैलाएको बताए । निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर खरिद बिक्रीका सम्बन्धमा आफूले संयुक्त अरब इमिरेट्स (यूएई) मा आयोजित जलवायु सम्मेलनका क्रममा थाहा पाएको र सो सम्बन्धमा तत्कालै अध्ययन गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको प्रधानमन्त्री दाहालको भनाइ थियो । 'म यूएईमा हुँदा एनसेल खरिद बिक्री भएको सुनें, यसमा सतर्कतापूर्वक अध्ययन गर्न निर्देशन दिएँ', उनले भने, 'स्वदेश फर्केको भोलिपल्ट मुख्यसचिवलगायत पदाधिकारीलाई यसबाट नेपालको कर प्रणाली, वैदेशिक लगानी तथा केही वर्षपछि सो कम्पनी नेपाल सरकारले प्राप्त गर्ने प्रावधानमा के कस्तो असर पर्छ भनेर अध्ययन गर्न निर्देशन दिएँ ।'

अस्वाभाविक देखिएको एनसेल खरिद बिक्रीको संवेदनशीलता र गम्भीरतालाई हेरेर आफूले गठबन्धनभित्र पनि छलफल गरेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले भने, 'शेयर खरिद बिक्रीमा कैफियत छ, छानबिन गरेर सत्यतथ्य पत्ता लगाउनुपर्छ, राष्ट्र, जनता र मुलुकको अर्थतन्त्रका पक्षमा दृढतापूर्वक अगाडि बढ्नुपर्ने प्रस्ताव राखे ।' सो शेयर खरिद बिक्री सम्बन्धमा सरकारले अनुसन्धान गर्नुपर्छ भन्नेमा सबैको सहमति भएको उनले बताए ।

फरक प्रसंगमा प्रधानमन्त्री दाहालले वर्तमान सत्तागठबन्धन पूरै अवधि कायम रहने बताए । उनले एक वर्षको समीक्षा गर्ने र आगामी वर्षका लागि नयाँ रणनीतिका साथ अघि बढ्ने प्रतिबद्धतासमेत दोहोऱ्याए ।

बैठकमा माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटा, प्रेस सेन्टरका नेता महेश्वर दाहाल, प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यलगायतको सहभागिता थियो ।

## कांग्रेसमा...

यसअघि धुम्बाराहीमा बसेको पदाधिकारी बैठकमा महामन्त्री गगन थापाले महासमिति बैठक सार्न नहुने अडान राखेका थिए । यसअघि नै कांग्रेसले दुई पटक बैठक सारिसकेको छ । अहिले बैठकको लागि गोदावरीमा हल बुक गरिसकेको अवस्थामा बैठक सार्नेबारे छलफल भएपछि महामन्त्री थापाले असन्तुष्टि जनाएका हुन् ।

साथै, माघ ११ गते राष्ट्रिय सभाको निर्वाचन छ । उक्त निर्वाचनको तयारीका लागि समेत शेखर र गगन समूहले सामुहिक रुपमा लड्नेछन् ।

यसअघि कांग्रेसमा शेरबहादुर देउवा र रामचन्द्र पौडेलको गुट लामो समयसम्म चल्यो । सभापति देउवाले नै पौडेललाई राष्ट्रपति बनाउन भूमिका खेलेपछि पौडेल समूहको गुटको नेतृत्व शेखर कोइराले लिन खोजिरहेका छन् । शेखरलाई उछिनेर अगाडि बढ्ने प्रयासमा गगन थापा छ । यसकारण पछिल्लो समयमा नयाँ रुपमा गुट संघर्ष देखा परेको हो ।

अर्का महामन्त्री विश्व प्रकाश शर्मा र महामन्त्रीका प्रत्यासी प्रदीप पौडेल नयाँ गुटप्रति आर्कषित छन् । गगन थापा, विश्व प्रकाश शर्मा र प्रदीप पौडेलबीच सहकार्यको प्रयास भइराखेको छ । यसले कांग्रेसमा नयाँ गुटको उदयको समेत प्रयास भइराखेको देखाउँछ ।

पूर्व महामन्त्री शशांक कोइरला पनि आगामी महाधिवेशनमा सभापतिमा उठ्ने गरी तयारीमा छन् । उनी पनि गुट बनाउने वा सभापति शेरबहादुर देउवालाई रिझाउने प्रयासमा छन् ।

## मृत...

रकम प्रतापको परिवारले तिर्न सक्ने अबस्था नै थिएन । अप्ठ्यारोमा छरछिमेकी काम लागे । प्रतापका छिमेकी पहलबहादुर कटुवालका अनुसार छिमेकी सबै मिलेर चन्दा उठाएर ५० हजार जम्मा पारेपछि मात्रै शब निकाल्ने अबस्था बन्यो । पैसा जम्मा गरेर शब निकाल्दा १५ घण्टा बितिसकेको थियो ।

शब लिएर उनको घरपरिवार र छिमेकीले अन्तिम दाहसंस्कारको तयारी थाले । स्थानीयले शब बोक्न हरियो बास काटेर समेत ल्याइसकेका थिए । मलामी जानका लागि गाउँलेहरु भेला भएका थिए । अन्तिम दाहसंस्कारका लागि चाहिने काक्रो, रामनामी लगायत आवश्यक सामग्री पनि ठिक्क पारिएको थियो ।

सुनसरी खोलाको घाटमा शबलाई लैजाने अन्तिम तयारी गर्दागर्दै प्रतापले श्वास फेरेको चाल स्थानीयले पाए । त्यसपछि उनी जिवितै रहेको ठानी गाउँलेले प्रतापलाई पानी र दुध खुवाए । त्यसपछि छिमेकीले घाट लैजाने काम त्यतिकैमा रोके । प्रतापको हेरचाहमा लागे ।

जिवित रहेका प्रतापलाई अस्पतालले मृत घोषणा गर्नु चरम लापरवाही भएको स्थानीय पहलबहादुर कटुवाल बताउँछन् । 'अस्पताल जस्तो संवेदनशील ठाउँबाट जिउँदो मान्छेलाई मृत घोषणा गरेर घर पठाउँछ भने यो भन्दा चरम लापरवाही के हुन्छ ?,' उनको आक्रोस छ । प्रतापकी श्रीमती सिता सदा पनि अस्पतालले सुरुमा धरौटीका लागि भन्दै साढे पाँच हजार रुपयौं लगेको र पछि शब बुझ्दा थप ५० हजार तिरेको बताउँछिन् ।

यसैबीच प्रतापलाई थप उपचारका लागि सोमबार जिल्ला अस्पताल इनरुवामा लगिएको छ । इनरुवा-३ का वडाध्यक्ष रमेश श्रेष्ठले प्रतापको उपचारको लागि जिल्ला अस्पताल लगिएको र उनको अबस्था अहिले ठिकै रहेको बताए । 'राम्रो उपचारका लागि अहिले जिल्ला अस्पतालमा ल्याएका छौं,' मध्यान्ह दैनिकसँग उनले भने, 'उनको अहिले अवस्था ठिकै छ । अस्पतालले मेनेन्टाइटिस र स्टोकको अशंका गरेको छ।' यसको उपचारका लागि थप रकम चाहिने र त्यसको जोहो गर्ने अवस्थामा प्रतापको परिवार नरहेको भन्दै वडाध्यक्ष श्रेष्ठले आर्थिक संकलनबारे मेयरसँग कुराकानी भइरहेको जानकारी दिए ।

मेट्रो न्युरो अस्पतालले भने प्रतापलाई आफूहरुले मृत घोषणा नगरेको भन्दै त्यसबारेका सूचनाको खण्डन गरेको छ । अस्पतालका प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार मेहत्ताले प्रताप जिवितै रहेको र उनको परिवारले थप उपचारका लागि पैसा नभएको भन्दै जिवितै घर लिएर गएको दाबी गरे । 'अस्पतालले मृत घोषणा गरेको भन्ने कुरा गलत हो,' मध्यान्ह दैनिकसँग उनले भने, 'उहाँ ठिकै हुनुहुन्थ्यो, हामीले उपचार गर्न सकिन्छ भनेका थियौं । तर, उहाँहरुले उपचार गर्ने पैसा छैन भनेर बिरामी लिएर जानु भएको हो ।' यसबारे आफूहरुसँग प्रमाण समेत रहेको दाबी गर्दै मेहत्ताले आफूहरुले पत्रकार सम्मेलन समेत गर्न लागेको बताए। 'मृत घोषणा गरिएको भनेर अस्पताललाई बदनाम गर्न खोजिएको छ, हामी पत्रकार सम्मेलन गरेर त्यसको खण्डन पनि गर्दै छौं,' उनले थपे ।

## रूसी...

यो समयमा सरकारले रुस जानमा कडाइ गरेको थियो । भारतको बाटो हुँदै रुस जाने संख्या पनि रहेको बताइएको छ । यसरी रुस जाने सेनामा भर्ती भएका छन् । भिजिट भिसा, अध्ययन भिसामा रुसमा पुगेकाहरु पनि सेनामा भर्ती भएका छन् ।

रुस-युक्रेन युद्ध २०७८ फागुन दोस्रो साताबाट सुरु भएको हो । त्यसयता रुसमा जाने नेपालीहरूको निकै बढेको पाइएको हो । अध्ययन, रोजगार र भिजिट भिसामा गएर सेनामा भर्ना भएको पाइएको बताइएको छ । मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार रुसी सेनामा २ सयदेखि ५ सयको संख्यामा नेपलाीहरु रहेको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार रुसी सेनामा भर्ना भएकामध्ये ६ जना मारिएको औपचारिक तथ्याङ्क छ । सरकारले मृत्यु भएका ६ जनाकै शव फिर्ता पठाइदिन र क्षतिपुर्ति दिन यसअघि नै रुस सरकारलाई पत्र लेखेर आग्रह गरिसकेको छ ।

## विपिनको...

कतार सरकारले उच्च प्रयास गरिरहेको बताए । कतारका प्रधानमन्त्रीले चाँडै सकारात्मक परिणाम आउनसक्ने संकेतसमेत गरे । उनले नेपालसँगको सम्बन्धलाई कतार सरकारले प्राथमिकतामा राखेको पनि बताए ।

परराष्ट्रमन्त्री साउदले कतारका प्रधानमन्त्री अल थानीसँग व्यापार र लगानीका विषय, कतार फ्रन्ट फर डेभलपमेन्टबाट हुने विकास सहयोग, आगामी उच्चस्तरीय भ्रमण आदि विषयमा समेत कुराकानी गरेका छन् । परराष्ट्रमन्त्री साउद दोहामा जारी विभिन्न मुलुकका राष्ट्रप्रमुख, सरकार प्रमुख, विदेशमन्त्री, निजी क्षेत्र, विषय विज्ञ, सञ्चारकर्मी सम्मिलित दोहा फोरम २०२३ मा प्यानलिस्टका रुपमा समेत सहभागी भएको स्वकीय सचिव जोशीले बताए ।

यसैबीच रुसी एजेन्टको भर परेर सेनामा भर्ना भदाङ बिजौरीका प्रतिक पुन युक्रेनी सेनाको कब्जामा परेका छन ।

यसअघि रुसी सेनामा भर्ना भएर युक्रेनी सेनाको कब्जामा परेका काभ्रेका सिद्धार्थ ढकाल र बर्दियाका विवेक खत्रीको रिहाइ नहुँदै दाङका पुन युक्रेनी सेनाको कब्जामा परेका हुन् । उनले आफू अध्ययनका लागि रुसमा रहेको बेला एजेन्टको काम गर्ने नेपालीको माध्यमबाट रुसी सेनामा भर्ती भएको युक्रेनी सेनाले सार्वजनिक गरेको भिडियोमा बताएका छन् । उनले सेनामा भर्ती हुने र छिटो कमाउने लोभमा परेर रुस नआउन पनि नेपालीलाई आग्रह गरेका छन् ।

## दुबई...

१ लाख ९५ हजार लिएको प्रहरीले बताएको छ । श्रेष्ठले शुरुमा २ लाख ४० हजार रुपैयाँ लाग्छ भनेर १ लाख ९५ हजार रुपैयाँ लिएर फरार भएको अवस्थामा नयाँ बसपार्कबाट उनलाई पक्राउ गरिएको प्रहरीले बताएको छ । प्रहरीले श्रेष्ठलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको बताएको छ ।

# पशुपतिमा बहुमूल्य नागमणि देखाइँदै



**काठमाडौं /मस-**पशुपतिनाथको भण्डारमा रहेको बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शंख मंगलबार बिहान पशुपति क्षेत्रमा सर्वसाधारणका लागि प्रदर्शन गरिने भएको छ ।

प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन वर्षभर सुरक्षित राखिएको छ भनेर बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शङ्ख सर्वसाधारणलाई देखाउने गरिन्छ । यसैगरी मार्गशीर्ष कृष्ण औँसीका दिन भने अब एक वर्षका लागि सुरक्षितसाथ राखिन्छ भनी देखाउने परम्परा रहेको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले बताए ।

यस वर्ष त्रयोदशीका दिन आइतबार सर्वसाधारणका लागि पशुपतिनाथको भण्डारमा रहेको बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शङ्ख सुरक्षित छ भनी प्रदर्शन गरिएको थियो । मंगलबार भने अब अर्को वर्षलाई यी सामग्री सुरक्षितसाथ राखिन्छ भनी देखाउन लागिएको कोषले जनाएको छ ।

बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शङ्खलाई मार्गशीर्ष कृष्ण औँसीका दिन मङ्गलबार भण्डारको तेस्रो तलामा राख्ने कार्यक्रम रहेको छ । राख्नुअघि अर्थात् बिहान १० बजे अगावै पशुपतिनाथमा बाला चतुर्दशीका दिन मेलामा आएका भक्तजनका लागि सुरक्षित छ भनी यी सामग्री देखाइँदै छ ।

बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शङ्ख प्रत्येक महिना पशुपतिका भण्डारीको पालो परिवर्तनका बेला कोष, प्रहरीलगायत सरोकार भएका निकायका रोहवरमा बुझाउने गरिन्छ । भण्डारी परिवर्तन हुँदा भने यी सामग्री भण्डारभित्र नै रोहवरमा राख्ने गरिन्छ ।

मंगलबार बिहान साढे नौ बजेदेखि करिब तीन घण्टासम्म बहुमूल्य नागमणि, एक मुखे रुद्राक्ष र दाहिने शंख देखाउने तयारी गरिएको हो । पशुपतिनाथको पश्चिमढोकाअघि यी बहुमूल्य सामग्री देखाइने छ । मंगलबार नै पशुपति क्षेत्रमा बालाचतुर्दशीका दिन सोमबार शतबीज छर्दा जम्मा भएको फोहर सफा गर्ने कार्यक्रम रहेको जनाइएको छ। सफाइमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, वाग्मती सफाइ अभियानकर्मीलगायतको सहभागिता रहने छ ।

# 'समाजवादी जागरण अभियान'ले नयाँ तरंग

**काठमाडौं /मस-**नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले समाजवादको आधारभूत मान्यतालाई जनताकाबीच पुऱ्याउन 'समाजवादी जागरण अभियान' ले समाजमा नयाँ तरंग सृजना गरेको बताएका छन् ।

गत असोजमा सम्पन्न अभियानमा खटिएका स्वयंसेवकलाई सम्मान गर्न पार्टी केन्द्रीय कार्यालयमा सोमबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले मुलुकमा पहिलो पटक आफ्नो पार्टीले समाजवादी जागरण अभियान सम्पन्न गरेको बताए । सो अभियानले देशको राजनीति नै तरङ्गित बनाएकाले अहिले अन्य पार्टीले पनि अवलम्बन गरिरहेको उनले सुनाए ।

एकीकृत समाजवादीले अघि सारेको उक्त अभियान जनतासँग एकाकार हुन प्रभावकारी भएकाले अरूले पनि अनुसरण गरेको बताउँदै उनले भने, 'राम्रो कामको अरुले पनि अनुसरण गर्छन् । पार्टीलाई हेयको दृष्टिकोणले हेर्ने, जोसँग हाम्रो ठूलो अन्तरविरोध छ, त्यही पार्टीले हामीले घोषणा गरेको कार्यक्रम टिपेर हिँडिरहेको छ ।' अध्यक्ष नेपालले अभियानका क्रममा खटिएका स्वयंसेवकलाई धन्यवाद दिँदै पार्टीको सिद्धान्त र विचारप्रति प्रतिबद्ध भएर जनताको सेवामा क्रियाशील रहन निर्देशन दिए । अभियानका क्रममा भएका केही कमी कमजोरीबाट पाठ सिकेर अगाडि बढ्नुपर्ने बताउँदै उनले भने, 'हामीले अरूको प्रशंसा सुन्ने हो, हामीले गरेका कामको गहिरो समीक्षा गर्नुपर्छ । हामीले तय गर्ने मञ्च, हामीले प्रयोग गर्ने सडक, सुरक्षा आदिका बारेमा हामीले सचेतना अपनाउनुपर्छ । राम्रा कुरालाई फैलाउने र कमजोरीलाई सुधार गर्दै अगाडि बढ्नुपर्छ ।'

समाजवादी जागरण अभियानलाई जनताले सकारात्मक रूपमा लिएको बताउदै अध्यक्ष नेपालले भने, 'हामीले सम्पन्न गरेको अभियानलाई राजनीतिक क्षेत्रमा सकारात्मक रूपमा लिएका छन, त्यसको प्रशंसा भएको छ ।'

महासचिव घनश्याम भुसालले मुलुकमा राष्ट्रिय पूँजी परिचालन गरी उद्यमशीलताको विकास गर्न समाजवादको खाँचो औँल्याउँदै त्यसले रोजगारीका साथै उत्पादन वृद्धि गर्ने र राष्ट्र निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

स्वयंसेवक सञ्चालन कमिटीका संयोजक विष्णु लम्सालले वर्तमान व्यवस्थामाथि उठेका चुनौतीलाई सामना गर्न परिवर्तन पक्ष सबै एकमत हुनुपर्नेमा जोड दिँदै भेला, सम्मेलन र सभाको आयोजना गरी जनतालाई जानकारी गराउनुपर्ने बताए ।

# श्रीराम सुगर मिल्स सञ्चालनको पहल

**प्रेमचन्द्र झा /मध्यान्ह**
रौतहट, २५ मंसिर



श्रीराम सुगर मिल्स गरुडा सञ्चालन, लिलाम र कर्मचारीको बक्यौता भुक्तानीको लागि सोमबार गौरमा सर्वपक्षीय छलफल भएको छ। जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रको पहलमा छलफल भएको हो । छलफलमा मिल्सका हितेश गोल्छा, विकास अग्रवाल, राजकुमार अग्रवाल, बैंकका प्रतिनिधि र मिल्स बचाऊ संघर्ष समितिका पदाधिकारी रेवन्त झा, राजकुमार दास, रामजी साह, बृज किशोर यादव, सेख मसहर, अनिल कुमार यादव, सुनिल कुमार यादव, कृष्णदन सहनी लगायतको उपस्थिति रहेको थियो ।


## Dhorpatan Municipality
## Office of the Municipal Executive
**Burtibang, Baglung**
**Gandaki Province, Nepal**

### Invitation for Electronic Bids

**First Publication Date: 2080/08/26 (B.S.)**

The Dhorpatan Municipality, Office of the Municipal executive Burtibang Baglung has allocated fund towards the procurement of below mentioned contracts. Bidding is open to all registered & eligible Nepalese Bidders.

| S. N. | Name of Project | Contract ID No. | Specific work Experience & Key works Requirements | Fee for Bidding Document (NRs.) | Bid Securities Amount & Validity Period (NRs.) | Average Annual Construction Turnover Amount Excluding VAT (NRs.) | Bid Capacity Excluding VAT (NRs.) | Minimum Work Experience of Similar Size and Nature Excluding VAT (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction and finishingof Dhorpatan Municipality Office Building | DM/NCB/ /2080/81-01 | As stated in Section-III Evaluation and Qualification Criteria of Bidding Document | 5,000/- (Five thousand only) | Rs 7,00,000 (Bid validity 90 days and Bid security 120 days) | Rs 3,20,00,000. (Best 3 years within the last 10 years) | Rs. 1,70,00,000 | Rs. 1,30,00,000 |

1. Bidding will be conducted through the national competitive bidding procedures specified in the Public procurement Act 2063 and regulation 2064.
2. Eligible Bidders are advised to visit e-GP portal of PPMO'S website www.bolpatra.gov.np/egp for further Information.
3. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# वास्तविकताका आधारमा संसद अघि बढ्छ : सभामुख

**काठमाडौं / मस–**सभामुख देवराज घिमिरेले लोकतन्त्रको असल अभ्यासमा रहेका मुलुकबाट सिकेर हाम्रो आफ्नो वास्तविकताका आधारमा सदन र ससदीय समितिलाई अघि बढाइने बताएका छन् ।

१७ औं संघीय संसद् सेवा दिवसका अवसरमा आयोजित 'संसद सेवाको प्रभावकारिता' विषयक अन्तरक्रियामा सभामुख घिमिरेले मुलककै सर्वोच्च विधायिकीलाई विशिष्ट तुल्याउने गरी कार्यसम्पादन गर्न सचिवालयका कर्मचारीलाई निर्देशन दिए ।




उनले भने, 'संसद सर्वोच्च विधायिकी संस्था हो, यो अहिले त्यो अवस्थामा छ कि छैन ? हामी सबै मिलेर मेहनतका साथ सदनलाई सर्वोच्च संस्था बनाउनुपर्छ । सदनलाई गरिमायुक्त र नतिजामुखी तुल्याउने ढंगले काम गरौं ।'

संसदलाई प्रभावकारी तुल्याउन कर्मचारीमा इमान्दारीका साथ काम गर्ने प्रण हुनुपर्छ भन्दै सभामुख घिमिरेले कतिपय संस्थामा योग्य कर्मचारी भएपनि परिणाम दिन सकेको उदाहरण प्रस्तुत गरे ।

उनले भने, 'जनताका प्रतिनिधिसँग सिधै काम गर्ने, कानून तर्जूमाको जिम्मेवारीमा रहने भएकाले संसद् सेवाका कर्मचारी मर्यादित र अनुशासित ढंगबाट कार्यसम्पादन गर्नेतर्फ सजग र सचेत हुनुपर्छ ।'

त्यस अवसरमा राष्ट्रियसभा सदस्य डा.खिमलाल देवकोटाले संसद् र संसद् सचिवालयको प्रभावकारिता विषयमा कार्यपत्र प्रस्तुत गर्दै कार्यपालिकाले शक्ति सन्तुलनको मर्म विपरीत संघीय संसदलाई थोरै रकम विनियोजन गरिएको बताए ।

उनले भने, 'चालु आर्थिक वर्षमा सरकारले प्रस्तुत गरेको रु १७ खर्ब ५१ अर्बको बजेटबाट ससदलाई जम्मा एक अर्ब २२ करोड रुपैयाँ मात्र रकम विनियोजन भएको छ। छिमेकी मुलुकमा एक सांसद बराबर छ जना विशेषज्ञसहितका सहयोगी कर्मचारी रहने गरेको पाइएकामा नेपालमा भने एक बराबर एक मात्रै छ । प्रदेश संसदको समेत संघीय ससदले अभिभावकत्व लिनुपर्छ ।'

प्रतिनिधिसभाका सचिव पदमप्रसाद पाण्डेयले सचिवालयका कर्मचारीमा उत्प्रेरणाको अवस्था कमजोर मात्र होइन आवश्यक उपकरण र दक्ष जनशक्तिको समेत कमी रहेको बताए ।

उनले भने, 'आर्थिक अवस्था कमजोर भएकाले गुणस्तरीय सेवा प्रदान गर्न नसक्दा राज्यको उद्देश्य प्राप्ति नभएको मात्र होइन, कर्मचारीको मनोबल समेत कम्जोर भएको छ ।'

संसद दिवस मूल समारोहका संयोजक एवं सचिवालयका सचिव डा.रोजनाथ पाण्डेले आफनो बुद्धि र विकेकले भ्याएसम्म जिम्मेवारी पूरा गरिरहेका विशिष्टकृत संसद सेवाका कर्मचारीको पीर मर्का हेरिदिने कस्ले भन्ने प्रश्न उब्जेको बताए ।

उनले भने, 'संसद सेवाका कर्मचारी कुनै 'बाद'का आधारमा नभई व्यवसायिकरुपमा रुपमा काम गरिरहनुभएको छ, उहाँहरुको सेवा सुविधा र उत्प्रेरणा दिने काममा अभिभावकले विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।'

वरिष्ठ पत्रकार हरिबहादुर थापाले कार्यपत्र प्रस्तुत गर्दै लोकतन्त्रको मन्दिर मानिएको संघीय संसदले उच्च मनोबलकासाथ गुणस्तरीय कानून निर्माणमा ध्यान दिन आवश्यक रहेको बताए ।

संसद सचिवालयका सहसचिव बविता मिश्रले मुलुकको नीतिगत तथा कानूनी व्यवस्था गर्ने संसद सेवाप्रतिको चासो पछिल्लो समय निकै खस्केको विषय परीक्षामा सहभागिता, नतिजा र टिकाइ राख्न देखिएको चूनौतिले छर्लङ तुल्याएको बताइन् ।

देशमा निजामती सेवाबाट संसद सेवा अलग भएका दिन प्रत्येक वर्ष मंसिर २८ गते संसद सेवा दिवस मनाइने गरिएको छ । दुई सदनात्मक संघीय संसद सञ्चालन र व्यवस्थापनका लागि संसद सचिवालयले काम गर्दै आएको छ।

# रास्वपाले संसदीय दलको विधान पुनःसंरचना गर्ने

**काठमाडौं / मस–**राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले संसदीय दलको विधान पुनःसंरचना गर्ने निर्णय गरेको छ । सोमबार केन्द्रीय कार्यालय वनस्थलीमा बसेको संसदीय दलको बैठकमा दलको विधानमा पुनःसंरचना गर्ने विषयमा छलफल भएको सो पार्टीका प्रमुख सचेतक सन्तोष परियारले जानकारी दिए ।




'हामीले यसअघि नै संसदीय दलको विधानको मस्यौदा तयार गरेका थियौं। जलेश्वरको बैठकपछि त्यसलाई फेरि पुनःसंरचना गर्नपर्ने भएर विधानसम्बन्धी छलफल गर्‍यौं'उनले भने ।

बैठकमा आगामी अधिवेशनमा संसद् र संसदीय समितिलाई सक्रिय बनाउने विषयमा छलफल भएको उनले बताए । उनका अनुसार सांसदले आफ्नो क्षेत्रगत समस्या संसदको शून्य समयमा र राष्ट्रिय मुद्दा विशेष समयमा प्रस्तुत गर्ने विषयमा छलफल भएको बताए ।

प्रमुख सचेतक परियारले भने, 'पार्टीले राष्ट्रिय मुद्दालाई अध्ययन र अनुसन्धान गरी टुंग्याउने हिसाबले उठान गर्नेबारे पनि छलफल भयो ।'

सचेतक निशा डाँगीले जनताका मुद्दा र सार्वजनिक महत्वका विषयमा उठाएको मुद्दाको सम्बोधन र समाधानका विषयमा पार्टी कहाँ चुक्यो भन्नेमा छलफल भएको जानकारी दिइन् ।

'हामीले विगतमा जे जति मुद्दा उठायौं, त्यसलाई टुङ्गोमा पुऱ्याउन बिर्सिएको होकि भन्ने विषय आजको बैठकमा छलफल भयो', उनले भनिन्,'विगतमा हामी कहिँकतै चुकेको भए आगामी दिनमा कस्ता मुद्दा उठाउने र त्यसलाई कसरी निरन्तरता दिने विषयमा पनि छलफल केन्द्रित भयो ।'

# काठमाडौंका सामुदायिक कुकुरमा 'डिस्टेम्पर' रोग

**काठमाडौं / मस–**काठमाडौं महानगरपालिकाले केही स्थानका सामुदायिक कुकुरमा 'डिस्टेम्पर' रोग देखा परेकाले सचेत रहन आग्रह गरेको छ ।



महानगर पशुपन्छी विभागका प्रमुख डा.अवधेश झाका अनुसार यो रोग कुकुरका लागि प्राणघातक मानिन्छ । यस रोग लागेका कुकुरलाई विशेषगरी ज्वरो आउँछ । खाना खान सक्दैनन् भने झोक्राउने, नाकमा सिँगान र आँखामा चिप्रा देखिने जस्ता लक्षण देखिन्छन् । त्यस्तै खोक्ने, बान्ता गर्ने, पातलो दिशा गर्ने, छारे रोगजस्तो लक्षण देखाउने, लड्बडाएर हिँड्ने, किटकिट गरेर दाँत बजाउने यस रोगका मुख्य लक्षण हुन् ।

स्थानीयबाट आएको सूचनाका आधारमा कुकुरमा परीक्षण गर्दा रोग पुष्टि भएको प्रमुख झाको भनाइ छ। कुकुरहरुमा हुने यो रोग एउटा कुकुरदेखि अर्को कुकुरमा सजिलै सर्छ तर कुकुरबाट मान्छेमा भने सर्दैन । कुकुरमा रोग लागेको पुष्टि भएपछि महानगरले व्यवस्थापन सुरु गरेको विभागले जनाएको छ ।

विभागका अनुसार यदि कुनै पनि सामुदायिक कुकुरमा यस्ता रोग लागेको थाहा पाएमा महानगरको निःशुल्क टेलिफोन नम्बरमा सम्पर्क १६६००१०५५११ र ११८० मा फोन गरी जानकारी दिन विभागले अनुरोध गरेको छ । कुकुरबाट कुकुरमा सर्ने भएकाले रोग फैलिएका ठाउँमा घरपालुवा कुकुर बाहिर नलैजान र कुकुरहरुलाई रोगविरुद्धको खोप अनिवार्य लगाउन विभागले आग्रह गरेको छ।

महानगरले सामुदायिक कुकुरको अनियन्त्रित प्रजनन रोक्नका लागि बन्ध्याकरण प्रक्रिया पनि अघि बढाएको छ । आगामी पुस महिनासम्मा करिब छ हजार कुकुरलाई बन्ध्याकरण र रेबिजविरुद्धको खोप लगाइने महानगरको भनाइ छ । हाल महानगरमा २२ हजार सामुदायिक कुकुर रहेको अनुमान छ ।

# कानून व्यवसायीलाई यथोचित स्थानमा समावेश गराउन माग

**काठमाडौं / मस-**नेपाल बार एशोसिएशनको सोमबार चितवन सौराहामा बसेको ४९ औं केन्द्रीय कार्यकारिणी परिषद्को बैठकले २५ बुँदे घोषणा-पत्र जारी गरेको छ। मानव अधिकार संस्कृतिको प्रवर्द्धन स्वतन्त्र न्यायपालिकाको संवर्द्धन भन्ने मूल नाराका साथ परिषद्को बैठकद्वारा चितवन घोषण पत्र जारी गरेको हो ।

बैठकले नेपालको संविधानको भावना र मर्म अनुसार संवैधानिक व्यवस्थाको पूर्ण रूपमा कार्यान्वयनको अपिल गर्दै संवैधानिक व्यवस्थाकोविरुद्ध भइरहेको प्रहारको घोर निन्दा गर्दै संविदावादको पूर्ण परिपालनाको लागि यो बैठक नेपाल बार एशोसिएशनको सक्रिय भूमिका निर्वाह गर्न निर्देश गर्दै उच्च स्तरीय संविधान कार्यान्वयन अध्ययन आयोग गठन गर्नका लागि आवश्यक पहल गर्न यो बैठक आह्वान समेत गरेको छ ।




विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष पुग्दा पनि संक्रमणकालीन न्याय सम्बन्धी प्रक्रिया हालसम्म टुंगोमा पुग्न नसकेको भन्दै बैठकले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । 'यसबाट पीडितको न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न तथा गम्भीर अपराधमा दण्डहीनताको अन्त्य गर्नका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनका सम्बन्धमा संशोधन विधेयक हाल संसद्मा छलफल भई रहेकोमा उक्त विधेयकमा विस्तृत शान्ति सम्झौता सर्वोच्च अदालतको फैसला तथा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मानी तत्काल सङ्क्रमणकालीन न्याय टुंगोमा पुऱ्याउन नेपाल सरकार लगायत सरोकारवाला सबैमा यो बैठक जोडदार माग गर्दछ,' घोषणापत्रमा भनिएको छ।

न्यायपालिकाभित्र विद्यमान रहेको विभिन्न किसिमका विकृति विसङ्गति, भ्रष्ट्राचार, अनियमितता, ढिलासुस्ती, लगायतका विकृतिहरूको समाधानका लागि सर्वोच्च अदालतका तत्कालीन माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा अध्ययन भइ सार्वजनिक भएको प्रतिवेदन सर्वोच्च अदालतको पूर्ण बैठकबाट ग्रहण गरी तत्काल अक्षरशः कार्यान्वयन गरी न्यायिक सुशासन कायम गरी नागरिकको न्यायिक अधिकार सुनिश्चित गर्न बैठकले जोडदार माग गरेको छ। यसका लागि नेपाल बार एशोसिएशनको राष्ट्रिय सम्मेलन, गोष्ठी तथा बैठकहरूबाट पारित भएका घोषणाको अध्ययन गरी यसको कार्यान्वयन गर्न अध्ययन समिति गठन गर्न बैठकले निर्देशन दिएको छ ।

यसैगरी जिल्ला जिल्लाहरूमा वकालत गर्ने कानुन व्यवसायीहरूलाई समेत समेट्ने गरी उपाधिको मान्य सिद्धान्तहरू र नेपाली इतिहास र परम्पराको आधारमा वरिष्ठ अधिवक्ताको उपाधि निरन्तर प्रदान गर्न बैठकले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ । नेपाल सरकारद्वारा जारी भएको मौजुदा मर्यादाक्रममा कानून व्यवसायीहरूलाई राज्यको मर्यादाक्रममा यथोचित स्थानमा समावेश गराउनका लागि आवश्यक पहल गर्न सम्बन्धित निकायसमक्ष माग गरिएको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०४/१३ मा दर्ता भएको **प्रा.लि. नं. १९४२८३/०७५/०७६** को **सामुदायिक बालबिकास पूस्ताकाय प्रा.लि.** को मिति २०८०/०६/१० मा बसेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३९१**
**बिजुलि बजार, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२६**

**भायासफ्ट सोलुसन्स प्रा.लि.** को मिति २०८०/०८/२१ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोड ब्राइड प्रा.लि. (प्रा.लि. नं.: २५९१०३)** कायम गर्ने गरी मिति २०८०/०८/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शुभकामना पोलिक्लिनिक प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६८/०३/०६ मा दर्ता भएको **प्रा.लि. नं. ८४०९९/०६७/०६८** को **शुभकामना पोलिक्लिनिक प्रा.लि.** को संचालकहरुको मिति २०८०/०८/२२ मा बसेको विशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**सरोज दाहाल, दामासाही ब्यवसायी (इजाजत नं. ३५३), प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे, मोबाइल नं. : ९८५१२११००२**

**कर्मचारी आवश्यकता**

**यस म्यानपावर कम्पनीका लागि काम गर्न सक्ने कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।**
**अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ ।**

SALARY Negotiable

★ Documentation- 2 Female
Qualification: +2 Passed.
Minimum 2 years of Experienced in related field.
★ Business Development Executive- 2 (Male/ Female)
Qualification: Bachelor's Pass.
Minimum 2 to 5 years of Experienced in related field.

SEND YOUR CV:
info@progressivenepal.com.np,
progressiveplacementnepal@gmail.com

**प्रोग्रेसिभ प्लेसमेन्ट सर्भिसेज नेपाल प्रा. लि.**
**PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.**
Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu
Phone: 4793286/4796958, Mob.: 9841597085

**राष्ट्रिय खाद्य बैंक लिमिटेडको तेश्रो बार्षिक साधारण सभाको सूचना**

**सम्पूर्ण शेयरधनी महानुभाव ज्यूहरु,**

यस कम्पनीको मिति २०८०/०८/०७ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले यहाँहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**मिति :- २०८०/०९/२७ गते, शुक्रबार**
**समय :- दिउँसो १०:३० बजे**
**स्थान :- यल दरबार भेन्यु, शंखमुल, ललितपुर**

**साधारण सभाले छलफल गरी निर्णय लिनुपर्ने बिषयहरु**

१) सन्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्ष ज्यूको प्रतिवेदन उपर छलफल र पारित गर्ने सम्बन्धमा ।
२) आ.ब. २०७९/०८० सालको वासलात, नाफा, नोक्सान सहितको लेखापरिक्षण प्रतिवेदन उपर छलफल र पारित सम्बन्धमा ।
३) आ.ब. २०८०/८१ को लागि हरहिसाब, लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा
४) संचालक समितिका सदस्यहरुको राजीनामा स्वीकृति र नयाँ संचालक सदस्यहरु मनोनयन गरेको संचालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
५) आगामी वार्षिक कार्ययोजना अनुमोदन गर्ने सम्बन्धमा ।
६) नियमावली शंसोधन सम्बन्धमा ।
७) विविध ।

**आज्ञाले शंकरनाथ उप्रेती अध्यक्ष**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

सम्पादकीय

# संयमताको खाँचो

सुदूरपश्चिम नेपालको सीमाना झुलाघाट भएर चलिरहेको नेकपा एमालेको मध्य पहाडी संकल्प यात्रा पूर्वी नेपाल प्रवेश गर्ने तयारीमा छ । सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती हुँदै कोशी प्रदेश प्रवेशको तयारी चलिरहँदा सुरक्षा निकायले विशेष चासो देखिएको देखिन्छ । एमालेले पनि पत्रकार सम्मेलन गरेर आफ्नो यात्रालाई अवरोध नगरिदिन पहिचानवादी शक्तिहरूसँग आग्रह गरेको छ । तर पहिचानवादी शक्तिहरूले कोशी प्रदेशमा अवरोध गर्नेगरी तयारी गरिरहेका छन् । कोशी प्रदेश प्रवेश गर्ने मध्यपहाडी राजमार्गको घुर्मीमै रोक्ने पहिचानवादीहरूको तयारी छ भने एमालेले जसरी पनि अगाडि बढ्ने अडान लिएको छ । एमालेका स्थानीय नेताहरूले आफ्नो यात्रालाई भव्य बनाउने तयारी गरिरहेका छन् । दुवैतर्फको तयारी हेर्दा परिस्थिति नियन्त्रण बाहिर जाने अनुमान लगाउन सकिन्छ ।

पहिचानवादीहरूले एमालेमाथि आक्रोश पोखिरहेकाले पनि संभावित घटनाको अनुमान लगाउन जरूरी छ । विशेषगरी प्रदेशको नाम कोशी राख्ने कोशी प्रदेशसभाको निर्णयप्रति असन्तुष्ट पहिचान पक्षधरले एमालेका नेताहरूमाथि लगातार आक्रमण गरिरहेका छन् । एमाले सचिव योगेश भट्टराईको गाडी केही दिन अगाडि मात्रै पहिचान समर्थकहरूले तोडफोड गरेका थिए । यसअघि एमालेकै नेताहरूको कार्यक्रम बिथोल्ने, पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीमाथि आक्रण गर्ने गरिरहेका छन् । अरू सत्तारूढ दलहरूप्रति पहिचान पक्षधर तुलनात्मक नरम देखिन्छन् । अहिलेका मुख्यमन्त्री केदार कार्कीलाई काम गर्न कुनै अवरोध नहुनुले पनि पहिचान पक्षधरको निशाना एमालेमाथि रहेको अनुमान लगाउन सकिन्छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीको पृष्ठभूमिका कारणले पनि पहिचान पक्षधरको निशाना यसतर्फ भएको हुन सक्छ ।

तर लोकतान्त्रिक गतिविधि संवैधानिक अधिकार हो । पहिचान पक्षधरलाई जसरी आफ्नो माग राख्न र गतिविधि गर्ने अधिकार छ, त्यस्तै एमालेलाई पनि आफ्नो अडान र निर्णय लिने संवैधानिक अधिकार छ । एकअर्काप्रति आक्रोश पोख्ने, असन्तुष्टि जनाउने र लोकतान्त्रिक विधिबाट हराउने गतिविधि गर्न पनि संविधानले छुट दिएको छ । तर हिंसात्मक आक्रमण, कुनै पक्षलाई लोकतान्त्रिक गतिविधि गर्न निषेध गर्ने जस्ता कदम निन्दनीय हो । त्यस्तो शैलीलाई अहिलेको संविधान र लोकतान्त्रिक संस्कृतिले स्वीकार्दैन । अतः दुवै पक्षले एकअर्काको भावनालाई कदर गर्ने अनि असन्तुष्ट पक्षको कुरा संस्थापनले सुन्ने गर्न आवश्यक छ । पहिचान पक्षधरले विरोध जनाउनु, आपत्ति जनाउनु र असहमति प्रकट गर्ने लोकतान्त्रिक विधि अपनाउन आवश्यक छ भने एमालेले पनि सीमान्तकृत समुदायको कुरा सुन्नुपर्छ ।

# आर्थिक उदारीकरणको प्रभाव

*सरकार कृषि, पर्यटन र जलविद्युतलाई आधार मानेर देशको विकास गर्ने भन्छ । अधिकांश नयाँ पुराना पार्टीहरूले पनि घोषणा पत्रमा यही कुरामा जोड दिएका छन् । तर औद्योगिक विकास बिना यी तीन कुराको पनि विकास सम्भव छैन । यदि कसैले यी विषयलाई पन्छाएर विकास र समृद्धिको नारा भट्याउँछ भने ती सबै बेतुकका कुरा हुन् ।*

अग्रलेख



● कृष्ण पौडेल

विश्व साम्राज्यवादीहरूको योजना निजीकरण मात्र थिएन । केही मानिसहरूले निजीकरणमा जाँदा हामीले नि अवसर पाउँछौ भन्ने प्रकारले सोचे । खास गरेर उच्च मध्यम वर्ग र धनाड्य वर्गले त्यस्तो सोंच बनाए । यो सोचाईलाई मध्यम वर्गले पनि साथ दियो । साम्राज्यवादीहरूको चाल भने फरक थियो । उनीहरू अल्पविकसित र विकासोन्मुख देश आर्थिकरूपमा बलियो होस् भन्ने कहिल्यै चाहँदैनन् । देशमा उद्योगको विकासले प्रतिव्यक्ति आय सबैको बढ्छ । जस्तो कि भृकुटि कागज कारखाना चल्दा कारखानामा काम गर्नेले त रोजगार पाउछन् नै, त्यस बाहेक खर परालको उचित मूल्य किसानले पाउँछन् । धानको भुस पनि बिक्रि हुन्छ, त्यसको मूल्य पनि किसानले पाउँछन् । कारखानामा काम गर्ने कामदारलाई खाना ख्वाउनेले पनि रोजगारी पाउँछन् । टाढाका कामदारलाई भाडामा बस्न दिएर घर हुने र बनाउनेले पनि रोजगार पाउँछन् ।

छाला जुत्ता उत्पादन गर्दा, पसुपालक किसानदेखि छालाको काम गर्ने वर्गसम्मले रोजगारी पाउँछन् । पशुपालक किसानले वस्तुको उचित मूल्य पाउँछ भने छालाको काम गर्ने मजदुरले पनि रोजगारी पाउँछ । यसमा उत्पादकदेखि बजारमा वितरण गर्नेसम्मले रोजगारी पाउने त भइ नै हाले । यसरी एउटा उद्योग चल्दा त्यो उद्योगसँग जोडिएका थुप्रै अन्य किसान, मजदुरहरूले रोजगारी पाउँछन् । ति आर्थिक उपार्जनका गतिविधिबाट अन्य रोजगारी पनि सिर्जना हुन पुग्छन् । समग्रमा देश र जनता जनता धनि हुन्छन् ।

यसरी समाजमा सबै रोजगार हुनु, धनी हुनु भनेको देश विकास हुनु हो । त्यसले अन्य थुप्रै आयामलाई जोड्दछ । एकातिर समाजमा चेतनाको स्तर विकास हुन्छ भने जनताको चेतनाको स्तरले राजनीतिक प्रणालीलाई स्तरिय बनाउँछ । जसले न्याय प्रणालीलाई स्तरिय बनाउन भूमिका खेल्छ । सजिलै सस्तो नारा वा सस्तो कुरामा मानिसलाई फसाउन सकिँदैन । समाज विकासको चक्रमा अगाडि बढ्छ । जुन क्रमिकता नै विकासको बाटो हो । तर, साम्राज्यवादीहरू यस्तो चाहँदैनन् । त्यसैले उनीहरू गरिबलाई धनी बन्न रोक्छन् । राज्यलाई बलियो बन्न दिँदैनन् । विभिन्न फण्डाहरू सिर्जना गरेर अवरोध गर्छन् अनि सार्वजनिक उद्योगधन्दा बन्द गराउने खेल खेल्छन् । नेपालमा निजीकरण गर्नु, उद्योगको विकास गर्नु नभई बन्द गराउने योजना थियो । २०४६ सालको परिवर्तनपछि घाटामा गएको नाममा कतिपय उद्योगहरू निजीकरण गरियो भने कतिपय घोषितरुपमै बन्द गरियो । एकातिर निजीकरण गरिएका उद्योग सही ढंगले चल्न सकेनन् भने अर्कोतिर बन्द भएकाबाट थुप्रैको रोजीरोटी खोसियो । यसले प्रष्ट पार्दैन र के गर्न खोजिएको थियो भनेर ।

समाचार आइरहेका छन् नेपालका चिनी उद्योगीहरूले नै भारतबाट चिनी ल्यायर उच्च मूल्यमा बेचिरहेका छन् । सरकारले नियन्त्रणको पहल गरेको छैन । यही उदाहरणले प्रष्ट पार्छ, साम्राज्यवादीहरूले नेपालमा निजी नै उद्योग पनि चलाउन दिन चाहँदैनन् । उनीहरू परनिर्भरताको चक्रमा फसाउन चाहन्छन् ।

### विदेश पलायनको चक्र

हामीले माथि नै चर्चा गर्‍यौं आर्थिक उदारीकरण र उदार बजार अर्थनीतिले कसरी सरकारी स्वामित्वका उद्योग बन्द भए भनेर । उद्योग बन्द भएपछि रोजगारी त हुने कुरै भएन । न त कृषिको विकास नै हुन्छ । तर, सरकार कृषि, पर्यटन र जलविद्यूतलाई आधार मानेर देशको विकास गर्ने भन्छ । अधिकांश नयाँ पुराना पार्टीहरूले पनि घोषणा पत्रमा पनि यही कुरामा जोड दिएका छन् । तर, उद्योगको विकास बिना यी तीन कुराको पनि विकास सम्भव छैन । यदि कसैले यी कुरालाई पन्छाएर विकास र समृद्धिको कुरा गर्छ भने ती सबै बेतुकका कुरा हुन् । ति सस्तो लोकप्रियताका लागि गरिएका चर्चा मात्रै हुन् ।




*साम्राज्यवादीहरू गरिब देशलाई धनी बन्न रोक्छन् । गरिब देशमा विभिन्न इस्यूहरू सिर्जना गरेर आन्दोलन गराउँछन् अनि सार्वजनिक उद्योगधन्दा बन्द गराउने खेल खेल्छन् । नेपालमा पनि उदारीकरणको अभियान देशको विकास वा समृद्धिको लागि नभइ भएका सार्वजनिक उद्योगधन्दा बन्द गर्ने, बजार अनियन्त्रित बनाउने, राज्यलाई कमजोर बनाउने र जनतालाई आफ्नै देश छाड्न बाध्य पार्ने योजनामा ल्याएको थियो ।*

### निष्कर्षमा,

अहिले हरेकले चर्चा गर्ने विषय हो भ्रष्टाचार र वैदेशिक रोजगार । यी दुई कुराले समाज र राजनीतिमा निकै चर्चा बटुलेको छ । यही दुई कुरा उठाएर केही पार्टीले नपत्याउने तरिकाले चुनाव पनि जिते । तर, यी दुई विषयको चुरोमा भने कोही प्रवेश गरेको देखिँदैन । उनीहरू उपरी तहको मात्र चर्चा गर्छन् । भ्रष्टाचार र वैदेशिक रोजगारी वा विदेश पलायन यी दुबै कुरा आर्थिक उदारीकरण र उदार बजार अर्थव्यवस्थासँगै जोडिएको छ । नेपाल र नेपाल जस्तै अरु देशहरू पनि धेरै छन् । ती देशहरूमा अपनाइएको आर्थिक उदारीकरणको नीतिले नै उद्योग बन्द भए । उद्योग बन्द भएपछि मानिसले रोजगार गुमाए । उद्योग बन्द भएपछि वस्तुको आन्तरिक आपूर्ति बन्द भयो । त्यसको लागि आयातमा भर पर्नुपर्‍यो । साम्राज्यवादीहरूले जहाँ उत्पादन गरेका छन्, त्यहाँबाट आयात गर्नुपर्‍यो । मानिस जहाँ उद्योग चलेका छन्, जिबिको चलाउन त्यतै जानुपर्ने भयो ।

साम्राज्यवादीहरूले सबै देशको कानुन आफू अनुकुल बनाएका छन् । जस्तो उदाहरणको लागि वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने गरी कानुन बनाउन लगाए । त्यसमा कर, मुद्रा बिनिमय र खुकुलो भिसा प्रणालीसम्मका कुरा सामेल छन् । उनीहरू मन लागेको समयमा मन लागेको ठाउँमा उद्योग, व्यापार आदि गर्न विश्वभरी छुट दिन्छन् । त्यहीँ एउटा मजदुर अनेक सम्झौता गरेर दलाललाई पैसा तिरेर, नक्कली डकुमेन्ट बनाएर रोजगारी गर्न अर्को देश जानुपर्छ । एउटा साम्राज्यवादी पुँजीपतिले आफूले काम गर्दा स्थानीय कानुन बाजियो भने कानुन नै फेर्न लगाउछ । तर, काम गर्न गएको मजदुरले उसलाई काम चित्त बुझेन भने पनि जबरजस्ती त्यही गर्नुपर्छ वा घर फर्किनुपर्छ । आज वैदेशिक रोजगारीमा गएका कसैको पनि हड्ताल, आन्दोलन गर्ने अधिकार छैन । त्यसो गर्‍यो भने देश निकाला हुन्छ । काम गर्ने ठाउँ वा सडकमा आफ्नो अधिकार खोसिएको कुरा बोल्न छुट छैन । उ देश निकाला हुन्छ । तर, स्वदेशी मजदुरलाई यसरी काममा पेल्न सम्भव छैन । त्यसैले पुँजीपतिहरूले अत्याधिक शोषण गरेर, हड्तालरहित वातावरणमा न्यून ज्यालामा काम गराउन सक्षम भएका छन् । यसले उनीहरूको नाफामा अत्याधिक बृद्धि भएको छ ।

अर्कोतिर, देशहरूको उत्पादनका साधन र प्रणाली खल्बल्याएर उत्पादन ध्वस्त पारेका छन् । अनि मनलाग्दो मूल्यमा वस्तु बेचेका छन् । आर्थिक उदारीकरण र उदार बजार अर्थनीतिले मजदुर वर्ग दोस्रो विश्वयुद्ध अगाडिको अबधिमा जतिकै शोषण परेको देखाउँछ । तर, जुन परिधिको निर्माण भएको छ यसलाई तोड्ने विषय त्यही सहज छैन । नेपालजस्ता देशहरू यस्ता चक्रमा निस्कन नसक्ने गरी फसिरहेका छन् ।

## तपाईंको राशिफल

मेष : शत्रु सक्रिय हुनेछन् । नयाँ सम्पर्क बढ्ने योग छ ।

वृष : बाटो हिँड्दा सावधानी राख्नुपर्छ । यशमा वृद्धि हुनेछ ।

मिथुन : राजनैतिक कार्य सफल हुनेछ । वाणी संयम राख्नुपर्छ ।

कर्कट : अर्काको विवादमा पर्नु हुँदैन । भूमिसम्बन्धी कार्यमा लाभ मिल्नेछ ।

सिंह : आध्यात्मिक यात्रा हुने योग छ । व्यापारमा वृद्धि हुनेछ ।

कन्या : खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।

तुला : जग्गा खरीद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ ।

वृश्चिक : वाहन सावधानी जरुरी छ । धार्मिक कार्यमा सहभागी हुने योग छ ।

धनु : दाम्पत्य जीवन सुखमय तथा शैक्षिक कार्यमा प्रगति हुनेछ ।

मकर : आय वृद्धि हुनेछ । राजनैतिक कार्यमा रुकावट आउनेछ ।

कुम्भ : तनाव बढ्नेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ ।

मीन : सम्मानमा वृद्धि हुनेछ । विद्यार्थीहरूको लागि समय राम्रो छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# एनसेलमाथि उठेका प्रश्न र वास्तविकता

विचार



● नारायण गाउँले

एनसेलको शेयर खरिद-बिक्रीको घटनापछि थुप्रै प्रश्नहरु उठेका छन् । धेरैले शेयर बिक्रीमा अर्बौंको कर छलि गरिएको भन्ने मानेका छन् । स्वभाविक पनि १४३ अर्बमा किनिएको सम्पत्ती जम्मा छ अर्बमा बेचिएको छ । तर, यसका भित्रि विषयलाई बुझ्न आवश्यक छ ।

सबैभन्दा पहिले बुझ्नुपर्ने विषय, एनसेल नेपालमै छ । जस्ताको त्यस्तै छ । उसको बिजनेस, अपरेशन, लाइसेन्स, चल-अचल सम्पत्ति पनि नेपालमैं छ । उसले हरेक वर्ष एउटा बिजनेशले बुझाउनुपर्ने कर पनि बुझाउँछ । यो ठूला करदातामध्येको एक हो । धेरैलाई रोजगारी पनि दिएको छ । सिम कार्ड पाउन नेताको सोर्स चाहिने बेला मार्केटमा पसेर दूरसञ्चारलाई सर्वसुलभ र प्रतिस्पर्धी बनाउन ठूलो योगदान दिएको पनि धेरैलाई याद नै होला ।

भएको के हो त ? एनसेलको स्वामित्व परिवर्तन भएको हो । किनेभन्दा धेरै सस्तो मूल्यमा मलेसियन कम्पनीले यसको स्वामित्व अरूलाई बेचेको हो । यसले प्रत्यक्ष रूपमा नेपाललाई लाभ-हानी केही पनि देखिन्न । तर, शेयर बिक्री गर्दा किनेको मूल्यभन्दा बेचेको मूल्य धेरै भएमा, जति धेरै हुन्छ त्यसमा खर्च कटाएर पुँजीगत लाभकर तिर्नुपर्ने हुन्छ । अहिले एनसेल किनेभन्दा थोरैमा बिकेको देखाइएकाले त्यस्तो कर छल्ने प्रयास भएको हो कि भन्ने देखिन्छ ।

तथ्य हेर्दा, यसमा पुँजीगत कर छली भएको या भविष्यमा छल्ने योजना भएको जस्तो चाहिँ देखिन्न । एग्जियाटाले झन्डै १४३ अर्बमा यसको स्वामित्व लिएको हो । छ अर्बमा बेचेको देखाइएको छ । तर, एक खर्बमैं बेचेको भए पनि किनेभन्दा कम मूल्य हुने हुनाले पुँजीगत कर तिर्नुपर्ने देखिन्न । भोलि बढीमा बिक्यो भने आज किन्नेले त्यसमा कर तिर्छ नै ।

विश्वभर टेलिकम कम्पनीहरूको नाफा र कुल पुँजी निरन्तर घट्दै गएको छ । दश वर्षअघि ३०० पेन्स प्रतिशेयर मूल्य रहेको मल्टीनेशनल टेलिकम कम्पनी 'भोडाफोन'को आज बजार-मूल्य जम्मा ७० पेन्स छ । धेरै ठूला कम्पनीको भ्यालु खर्बबाट शून्य भएको छ । छिमेकी भारतमैं एकपल्ट सबैभन्दा ठूलो र धनी मानिएको खरबौं रुपियाँ मूल्यको रिलायन्स मोबाइल ऋण तिर्न नसक्ने अवस्थामा पुगेर बन्द भयो । नेपालमैं विदेशी लगानीको युटिएल भन्ने कम्पनी हाम्रो लाइसेन्ससम्बन्धी असहज कानुनले गर्दा चल्न सकेन । टेलिकम कम्पनीको मुख्य आम्दानी ग्राहकले गर्ने राष्ट्रिय-अन्तर्राष्ट्रिय 'कल' र मोबाइल डाटा हो । तर, यसैको प्रयोग र मूल्य विश्वभर अहिले स्वात्तै घटेको छ ।

घट्दो आम्दानीकै बीच नेपालमा एनसेल भनै अझैसम्म नाफामैं छ । खुद नाफा वार्षिक पाँच अर्बभन्दा बढी रहेको देखिन्छ । तर, अन्तर्राष्ट्रिय ट्रेन्ड र नजरबाट हेर्दा यो नाफा 'सस्टेनेबल' देखिन्न । 'कस्ट अफ क्यापिटल' बढेको बेला पाँच अर्ब नाफा गर्ने र दश वर्ष पनि भविष्य सुनिश्चित नभएको कम्पनीमा कसैले एक खर्ब लगानी गर्ने भन्ने सम्भावना कति होला ? ब्याज नै १० प्रतिशत तिर्नपर्ने अवस्थामा पाँच प्रतिशत नाफाको बिजनेश भनेको घाटाको बिजनेश न हो । कसैले गरेछ भने पनि त्यो पैसा देशले पाउने नभई मलेसियन कम्पनीले पाउने हो । पुँजीगत कर त त्यसपछि पनि तिर्नुपर्ने देखिन्न । शेयर खरिद-बिक्रीमा लाग्ने सामान्य करबारे अब संसदीय समिति र विज्ञले खोजबिन गर्लान् नै ।

